# बिक्री स्थल (Point of Sale)मा सुर्तीजन्य पदार्थको विज्ञापन बन्द गर्ने सम्बन्धी जरुरी सूचना

नेपालमा सुर्तीजन्य कम्पनीहरुले खुद्रा किराना पसल, होलसेल किराना पसल लगायत अन्य पसलहरुको बिक्री स्थलमा आफ्नो कम्पनीको नाम र दररेट सहितको मूल्यसूची राखेर विज्ञापन गरेको पाइएको र उक्त कार्य सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८, को दफा १०, सूर्तीजन्य पदार्थ नियन्त्रण र नियमन निर्देशिका, २०७१ को दफा ४० र  दफा ४१ तथा जनस्वास्थ्य ऐन २०७५ को दफा ४५ विपरीत भएकोले त्यस्ता विज्ञापन हुने गरी टाँस गरिएका चुरोट, बिँडी, गुट्का आदिका मूल्यसूची उल्लेखित पोस्टर वा वालचार्ट टाँस नगर्न र टाँस गरेको भएमा तुरुन्त हटाउन निर्देशन गरिन्छ । यदि टाँस गरेको पाइएमा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन ऐन, २०६८ को दफा १७ र जनस्वास्थ्य ऐन २०७५ को दफा ५३ बमोजिम सजाय/जरिवाना हुने व्यहोरा समेत यसै सूचना द्वारा सबैमा जानकारी गराइन्छ ।

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा